जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक ६७ २०८२ साल असोज २२ गते बुधबार (8 Oct 2025 Wednesday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : एक वर्षमै थिलथिलियो... ३ पृष्ठमा : जेन-जी आन्दोलनपछिको... ३ पृष्ठमा : इजरायलमा अक्टोबर ७ ...

# धार्मिक कार्यक्रमको विषयलाई दुई समुदायबीच विवाद



**दैनिक समाचारदाता**
**राजविराज, २१ असोज ।**
राजविराज नगरपालिका २ स्थित गुलाव ग्यारेज नजिकै दुई समुदाय बीच धार्मिक कार्यक्रमको विषयलाई लिएर मंगलबार विवाद उत्पन्न भएको छ ।

मंगलबार बिहान राजदेवी-पडरीया सडकको मुख्य चौक नजिकै खाली रहेको सार्वजनिक जग्गामा दिपावलीको अवसर पारेर लक्ष्मी पूजा मनाउने तयारी गर्ने क्रममा अर्को समुदायले अवरोध पुऱ्याउन खोजेपछि उक्त विवाद भएको हो ।

एक पक्षले सार्वजनिक जग्गा भएकाले धार्मिक कार्यक्रम गर्न अवरोध गर्नुको औचित्य नभएको भनि रहदा अर्को पक्षले उक्त स्थल आफूहरुको रंन (दाहा मेला गर्ने स्थल) रहेको दावी गर्दै आएका छन् ।

बिहान ११ बजे तिर वडा २ स्थित गुलाव ग्यारेज छेउमै रहेको उक्त जग्गामा लक्ष्मी पुजाको लागि एक समुदायले झण्डा गाडेपछि अर्को समुदायले अबरोधको प्रयास गरेका थिए । अवरोध गर्ने समुदायले मोहर्रमका बेला आफूहरु सोही स्थानमा दाहा मेलाको आयोजना गर्दै

*बाँकी अन्तिम पृष्ठमा*

## "सार्वजनिक जग्गामा कुनै समुदायले केही नगर्ने"

**दैनिक समाचारदाता**
**राजविराज, २१ असोज ।**
दुवै समुदायबीचको विवादको विषयमा जिल्ला प्रशासन कार्यालय सप्तरीमा सर्वपक्षिय-सर्वदलिय बैठक बसेको छ । बैठकमा सो विवादित सार्वजनिक जग्गामा कुनै समुदायले केही नगर्ने र भएका निर्णय दुवै पक्षले मान्ने सहमति भएको छ ।

सार्वजनिक जग्गाको सम्बन्धमा साविकमा भएका निर्णय अनुसार उक्त स्थानमा निर्माणाधीन अवस्थामा रहेका ठोस संरचना राजविराज नगरपालिकाले बुधबार हटाउने तथा उक्त स्थानमा राखेका सवारीसाधन लगायत अन्य सबै प्रकारका सरसामानहरु व्यक्तिको भए व्यक्ति स्वयमले हटाउने र सामाजिक सद्भाव तथा एकताको वातावरणलाई कायम राख्दै हाल उक्त स्थानमा मनाउन लागेको लक्ष्मी पुजा समेत अन्यत्र ठाउँमा सारी मनाउने निर्णय भएको छ ।

त्यस्तै कुनै पनि किसिमको धर्म सम्प्रदायका नागरिकहरुले आफ्नो धर्म सम्प्रदायसँग सम्बन्धित जग्गा रहेको हो भनि आफ्नो हक अधिकार प्रयोग नगर्ने, साथै उक्त स्थानमा कुनै पनि धर्म सम्प्रदायसँग झल्किने खालको झण्डा नराख्ने र राखेको भए सोही समुदायका व्यक्तिहरु आ-आफ्नो झण्ड तत्कालै हटाउने निर्णयमा भनिएको छ ।

# ब्रह्माकुमारी राजयोग सेवा केन्द्रले रजत जयन्ती मनाउने



**दैनिक समाचारदाता**
**राजविराज, २१ असोज ।**
ब्रह्माकुमारी राजयोग सेवा केन्द्र राजविराजले विविध कार्यक्रमसहित चार दिवसीय रजत जयन्ती मनाउने भएको छ ।

केन्द्रले मंगलवार राजविराज ८ स्थित नवनिर्मित आफ्नो कार्यालय बरदानी भवनमा पत्रकार सम्मेलनको आयोजना गरी सो बारे जानकारी गराएको हो ।

केन्द्रकी संचालिका एंव क्षेत्रीय निर्देशक राजयोगिनी भगवती दिदीले रजत जयन्ती समारोह अन्तर्गत असोज २२ गते २४ गते तीन दिन सम्म स्थानीय राजरंगशालामा राजयोग एवं तनाव व्यवस्थापन

*बाँकी तीन पृष्ठमा*

# बेवारिसे शव फेला

**दैनिक समाचारदाता**
**राजविराज, २१ असोज ।**
सप्तरीको कञ्चनरुप नगरपालिकामा वेवारिसे अवस्थामा एक व्यक्तिको शव फेला परेको छ ।

वडा नं. ५ पथरीस्थित त्रियुया नदीको किनारमा बेवारिसे अवस्थामा शव फेला परेको हो ।

सोमबार साँझ त्रियुगा नदी किनारमा रुखको हाँगामा अड्किएको अवस्थामा १२ वर्ष उमेरको महिला वा पुरुष छुट्याउन नसकिने अवस्थामा शव फेला परेको इलाका प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी नायव उपरीक्षक माधव प्रसाद काफ्लेले जानकारी दिए ।

कुहिएको अवस्थामा शव भेटिएपछि स्थानीयले प्रहरीलाई जानकारी गराएको थियो । प्रहरीका अनुसार कानुनी प्रक्रिया पूरा गरी उक्त शवलाई पोस्टमार्टमका लागि गजेन्द्र नारायण सिंह अस्पताल राजविराज पठाइएको छ ।

शवको पहिचान खुल्न बाँकी रहेको र घटनाबारे थप अनुसन्धान जारी रहेको प्रहरी नायव उपरीक्षक काफ्लेले बताए ।

# पिकअपको ठक्करबाट युवकको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २१ असोज ।**
सप्तरीको खड्क नगरपालिकामा पिकअप गाडीको ठक्करबाट एक युवकको मृत्यु भएको छ ।

वडा नं. ११ बनौलीस्थित हुलाकी सडक खण्डमा कुखुरा बोकेको पिकअपले ठक्कर दिदा पैदलयात्री डाक्नेश्वरी नगरपालिका वडा नं. १० बनौला बस्ने १८ वर्षीय अमन मण्डलको मृत्यु भएको हो ।

सोमबार राति ११ बजे तिर बोदेबर्साइनबाट राजविराजतर्फ जाँदै गरेको नम्बर नखुलेको कुखुरा बोकेको पिकअप गाडीले पैदलयात्री मण्डललाई ठक्कर दिएको थियो ।

ठक्करबाट टाँउको, छाती र दाँहिने हातमा चोट लागि गम्भीर घाइते भएका उनलाई तत्काल जीवन ज्योति अस्पताल बोदेबर्साइनमा प्रारम्भिक उपचारपछि थप उपचारका लागि छिन्नमस्ता अस्पताल राजविराज ल्याइएकोमा उपचारकै क्रममा मंडलको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायव उपरीक्षक डम्बर पुरीये जानकारी दिए ।

ठक्कर दिने सवारीसाधन र चालक फरार रहेकोले खोजीकार्य भईरहेको प्रहरीले जनाएको छ ।

# सहिद परिवारका १४० सदस्यको निःशुल्क बिमा

**दैनिक समाचारदाता**
**जनकपुरधाम, २१ असोज ।**
प्रदेश सरकारले मधेसी प्रतिष्ठानसँगको समन्वयमा मधेस आन्दोलनका क्रममा सहिद भएका १ सय ४० जनाका परिवारको निःशुल्क स्वास्थ्य बिमा गरेको छ ।

प्रतिष्ठानका अध्यक्ष शुभम् यादवका अनुसार अब २४ जनाको बिमा गर्न बाँकी छ । मधेस र तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी)ले गरेको आन्दोलनमा १ हजार ६

*बाँकी तीन पृष्ठमा*

# सप्तरी महोत्सव स्थगित

**दैनिक समाचारदाता**
**राजविराज, २१ असोज ।**
सप्तरी उद्योग वाणिज्य संघको आयोजनामा यही असोज २२ देखि कात्तिक ६ गतेसम्म हुने भनिएको सप्तरी महोत्सव २०८२ स्थगित भएको छ ।

संघका महासचिव अमृत संचेतीद्वारा मंगलबार जारि विज्ञप्तिमा 'यस संघको

*बाँकी तीन पृष्ठमा*

**हात धोऔं, रोगको सङ्क्रमणबाट बचौं ।**

- सधैं साबुन र पानीले हात धोऔं,
- खाना खानु अघि र पछि हात सफा राखौं,
- शौचालय प्रयोग गरेपछि अनिवार्य हात धुने गरौं,
- खोक्दा, फोहोर वस्तु समातेपछि हात सफा गरौं,
- रोग लाग्नबाट वच्न हातधुने अभ्यासलाई आत्मसाथ गरौं,
- बालबालिकालाई हातधुन सिकाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### ठोस नीति बनाउनु जरुरी

विपद् आएको बेला हुने क्षतिलाई नियन्त्रण गर्न निकै कठिनाई हुने गरेको छ । यसका लागि विपद् पूर्व दर्घिकालिन नीति बनाउनु आवश्यक छ । तर, नेपालमा विपद् पूर्व तयारी गरेको बिरलै पाइन्छ । विपद् आइसकेपछि हतार हतारमा अल्पकालिन नीति बनाएर जसोतसो क्षतिलाई न्युनिकरण गर्नेतर्फ हामी अग्रसर हुन्छौं । मधेशका जिल्लाको विपद्का कारण प्रत्येक वर्ष जनजिवन निकै प्रभावित हुने गरेको छ । मधेशका जिल्लाहरु यसको तयारी शुन्य जस्तो हुन्छ । विपद् भन्ने वित्तिकै आगलागि, हावाहुरी, बाढी, पहिरो, भुकम्पलगायतलाई बुझ्नु पर्दछ ।

अबको केही दिनपछी चिसो मौसम सुरु हुदैछ । यस्तो अवस्थामा निम्न वर्गमा व्यक्तिहरु निकै मारमा पर्ने गर्छन् । उनीहरुलाई चिसोबाट बच्नका लागि न्यानो लुगाको अभाव हुन्छ । तर, ती वर्गका जनताहरुलाई यसरी नै सधै न्यानो लुगाको अभाव हुने गर्दा त्यसप्रति अहिले देखी नै स्थानीय पालिकाहरुले पूर्व तयारीमा जुट्नु पर्छ । तर त्यस्तो पाइएको छैन् । यस्तो अवस्थामा अल्पकालिन नीति बनाएर जासोतसो तत्काल समस्या समाधान गर्नेतर्फ अग्रसरता हुनु भन्दा पनि पालिकास्तरिय बैठकबाट दिर्घकालिन नीति निर्माणदेखी कार्यान्वयनसम्मको बाटो निकाल्नु आवश्यक छ ।

तसर्थ ती पालिकाहरुले आफ्नो बार्षिक नीति तथा योजना बनाउँदा यस्ता विषयमा बजेट बिनियोजनका साथै दिर्घकालिन सोच बनाउनु आवश्यक छ ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# एक वर्षमै थिलथिलियो बिपी राजमार्ग

**राजकुमार पराजुली**
काभ्रेपलाञ्चोक, २१ असोज ( रासस) ।

सङ्घीय राजधानी काठमाडौँलाई पूर्वी नेपालसँग जोड्ने छोटो, एकमात्र वैकल्पिक र अत्यन्त महत्वपूर्ण सडक मार्ग हो बिपी राजमार्ग । गत वर्षको बाढी, पहिरोबाट क्षत्विक्षत बनेको राजमार्ग अस्थायी ढङ्गबाट निर्माण गरी यातायात सञ्चालन हुँदै आएकामा यही असोज १८ र १९ गतेको बाढीपहिरोले पुनःथिलथिलो बनेको छ । राजमार्गको मध्यक्षेत्र अर्थात् काभ्रेपलाञ्चोकतर्फको सडकखण्ड भत्किएर क्षत्विक्षत भएपछि हाल यस राजमार्गको सडक सम्पर्कविच्छेद भएको छ ।

वर्षायाममा केही भागमा क्षति पुऱ्याए पनि अघिल्लो साताको अविरल वर्षामा काभ्रेपलाञ्चोकको रोशी खोलामा आएको बाढीले राजमार्गका सडकखण्ड क्षतिग्रस्त बनाएको हो । यस वर्ष पनि असोजमै राजमार्गको विभिन्न सडकखण्डमा सडकको नामोनिसानै मेटिनेगरी, पैदलसमेत हिँड्न नसक्ने गरी बाढीपहिरोले तहसनहस बनाइदियो ।

गत साल असोजमा क्षत्विक्षत राजमार्गमा अस्थायी सडक एवं डाइभर्सन बनाई सञ्चालन गरिए पनि स्थायी बनाउने प्रक्रियामै रहेकाबेला राजमार्ग पुनःथिलथिलो बनेको छ । डिभिजन सडक कार्यालय भक्तपुरको प्रारम्भिक अनुगमन निरीक्षणअनुसार बाढीले करिब चार किलोमिटर सडक बगाएको छ ।

पुनःअस्थायी डाइभर्सन बनाउन काम थालिएको कार्यालयको इञ्जिनियर विन्दु अधिकारीले जानकारी दिनुभयो । उहाँका अनुसार अहिलेको बाढीले गत सालको बाढी पहिरोपछि बनाइएको डाइभर्सन पूर्ण रुपमा कटान गरेको छ । विसं २०७२ को विनाशकारी भूकम्पले केही सडकखण्ड क्षतिग्रस्त बनाएको थियो भने केही सडकखण्ड जोखिमकै अवस्थामा रहेका थिए । राजमार्ग जापान सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा धुलिखेल-सिन्धुली-बर्दिबास १६० किलोमिटर लामो राजमार्ग बनेको हो ।

विसं २०७२ असार १८ गते औपचारिक रुपमा यो राजमार्ग जापान सरकारले नेपाल सरकारलाई हस्तान्तरण गरेको थियो । करिब २६ अर्ब जापानी येन बराबरको लागतमा खण्डखण्डमा निर्माण सम्पन्न यस राजमार्गले पूर्वी नेपाललाई राजधानीसँग छोटो र सिधा जोड्को छ । यस राजमार्गको निर्माण सम्पन्न भएपछि पूर्व-पश्चिम राजमार्ग हुँदै नारायणघाट-मुग्लिन-काठमाडौं घुम्नुपर्ने झन्झट अन्त्य भएको थियो । गत वर्षको असोज १०, ११ र १२ गते परेको अबिरल वर्षाका कारण रोशी खोला बढीले बर्दिबासदेखि धुलिखेलसम्म १० किलोमिटर सडक क्षतिग्रस्त भएको थियो । त्यसलाई अस्थायी मर्मत गरेर सञ्चालनमा ल्याएको वर्ष दिन नपुग्दै यही असोज १७ र १८ मा वर्षाले पुनःक्षति गराएको हो ।

सङ्घीय राजधानी काठमाडौँबाट बागमती प्रदेशअन्तर्गत अरनिको राजमार्गअन्तर्गत धुलिखेलबाट सुरु भएको यस राजमार्ग मध्यपहाडीको हाल निर्माणाधीन पुष्पलाल रार्जमार्गसँग समेत जोडिएको छ । तर, भूकम्पले केही दूरीका सडक भत्काएको यस मार्गलाई २०८१ र २०८२ सालको बाढी पहिरोले थप क्षतिग्रस्त बनाएको हो । राजमार्गअन्तर्गत यस क्षेत्रमा पुल नबनेका भ्याकुरे, घ्याम्पे र रोशी खोला बारम्बार समस्या बन्दै आइरहेका छन् । वर्षा भएकाबेला यी खोलाबाट आउने खहरे र बाढीले हरेक दिनजसो सडक बन्द हुने अवस्था निम्तिएको छ ।

गत सालको वर्षाले काभ्रेपलाञ्चोकेको भकुण्डेबेंसीदेखि सिन्धुलीको नेपालथोकसम्म करिब ३० किलोमिटर सडकमा बाढीले क्षति पुऱ्याएको थियो । विशेषगरी नेपालथोक-आँपटार, कालढुङ्गा, डालाबेंसी, चिउरीबास, एक नम्बर पुललगायतका ठाउँमा सयौँ मिटर सडक बगाएको छ । त्यसबेला सानो खोलाले पनि डाइभर्सनसमेत बगाएको थियो । गतसाल राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोक तर्फको नार्के बजार, चौकीडाँडा, दाउन्ने, माम्ती खोला र बेंसीका सडकखण्ड पूर्ण रुपमा बगाएका थियो । गत सालको बर्षाले बगाएको सडकमा अस्थायी ट्र्याक खोलिएको भए पनि गत बैशाख अन्तिम साताको बाढीले फेरि डाइभर्सनलगायत अस्थायी सडक बगाएको थियो ।

यही असोज १७ गते रातिदेखि निरन्तर परेको वर्षाले उक्त राजमार्गको भकुण्डे-नेपालथोक सडकखण्डमा धेरै क्षति पुऱ्याएको कार्यालयले जनाएको छ । इञ्जिनियर अधिकारीका अनुसार बिपी राजमार्गअन्तर्गत यस सडकखण्डको १७ स्थानमा रोशी खोलाले क्षति पुऱ्याएको छ भने राजमागको चौकीडाँडा, बोक्सेकुना, माम्ती, चार सयबेंसी, घुमाउनेलगायतका स्थानमा निकै नै जोखिम रहेको छ । यी स्थानमा अब शून्यबाटै फेरि मर्मत सुरु गर्नुपर्ने अधिकारीको भनाइ छ । अस्थायी रुपमा मर्मतगरी सकेसम्म छिट्टै यातायात सञ्चालन गर्ने तयारी भइरहेको पनि उहाँले बताउनुभयो । हिजो सोमबारदेखि नै काभ्रेपलाञ्चोकको नमोबुद्ध नगरपालिका र रोशी गाउँपालिकाको सीमा क्षेत्र चौकीडाँडाबाट मर्मत कार्यको थालनी गरिएको छ ।

कार्यालयका अनुसार रोशी खोलालाई पूर्वतर्फ डाइभर्ट गरी ट्र्याक बनाउन सुरु गरिएको हो । नेपालथोकदेखि सिन्धुलीतर्फ बर्खेखोलासम्म करिब ६०० मिटर रोशी खोलाले बगाएको छ । ट्र्याक खुलेपछि काभ्रेपलाञ्चोकको माम्तीसम्म यातायात सञ्चालन हुनेछ । कार्यालयका अनुसार हाल ११० किलोमिटर सडकमा यातायात सञ्चालन रहेको र ५० किलोमिटर पुनर्निर्माणको चरणमा रहेको छ ।

कार्यालयले गत साल असोजको बाढीपहिरोले क्षतिग्रस्त बिपी राजमार्गअन्तर्गत २९ किलोमिटर सडकखण्डलाई चार खण्डमा पुनर्निर्माण गर्नेगरी यस वर्ष प्रक्रिया अघि बढाइएको थियो । त्यतिबेला बाढीपहिरोले आठ किलोमिटर सडक पुरै बगाएको थियो ।

क्षतिग्रस्त बिपी राजमार्गको पुनर्निर्माणका लागि काभ्रेपलाञ्चोक क्षेत्रमा तीन खण्ड र सिन्धुलीतर्फ एक खण्डमा दुई वर्षभित्र सम्पन्न गर्ने लक्ष्यसहित काम हुने भएको थियो । कार्यालय प्रमुख सिनियर डिभिजनल इञ्जिनियर सुमन योगेशका अनुसार हाललाई अस्थायी सडक बनाएर सञ्चालनमा ल्याउने योजना अघि बढाइएको हो । "स्थायी पुनःनिर्माणबारे त्यसपछि के गर्ने भन्ने विषयमा मन्त्रालय र विभागको निर्णयअनुसार अघि बढिनेछ", योगशेले भन्नुभयो ।

यस राजमार्ग दुई वर्षमा पुनर्निर्माणका लागि हाल काभ्रेपलाञ्चोकतर्फ दुई र सिन्धुलीतर्फ एक गरी तीन प्याकेज बनाएर ठेक्का सम्झौता गरिएको थियो । स्थायी निर्माणको काम भने मनसुन बाहिरिएपछि मात्र सुरु हुने जनाइएको थियो । क्षतिग्रस्त राजमार्गको पाँच किमी सडकखण्डमा जापान अन्तरराष्ट्रिय सहयोग नियोग ( जाइका)ले काम गर्नेछ । जाइकाले पिप्लेदेखि बर्खे खोलासम्म ३ दशमलव २ किमी सडक निर्माण गर्ने छ । त्यसका लागि फाइनल सर्भेको काम सकिएको र ठेक्का सम्झौताको चरणमा रहेको योगेशले बताउनुभयो । बाँकी सिन्धुलीतर्फको एक सडकखण्ड र काभ्रेपलाञ्चोकतर्फको दुई सडकखण्डमा ठेक्का सम्झौताको तयारी भइरहेको उहाँको भनाइ छ ।

यस्तै, क्षतिग्रस्त राजमार्ग स्थायी पुनर्निर्माण गर्दा इन्टरमिडियट लेनबाट कम्तीमा दुई वटा गाडी सहज रुपमा गुड्ने गरी सात मिटर चौडाइको कालोपत्र भएको र अर्को रोशी खोलामा बाढी आउँदा बाढीले खोल्नसक्ने नदीको सतहभन्दा तलबाट आरसिसी पर्खाल लगाएर सडक निर्माण गरिने जनाइएको छ । कार्यालयले पहिलो चरणमा भकुण्डेदेखि नेपालथोकसम्मको २८ किलोमिटर सडक दुई लेनको बनाउने छ ।

यस राजमार्गमा जोखिमका कारण गत असार ७ गतेदेखि राति सवारी सञ्चालनमा रोक लगाउँदै आइएकामा यही असोज १ गतेदेखि २४सै घण्टा सञ्चालनमा ल्याइएको थियो । त्यसअघि राजमार्गमा साँझ ५:०० देखि बिहान ५:०० बजेसम्म १२ घण्टा राजमार्गमा यात्रुवाहक तथा निजी सवारी सञ्चालनमा रोक लगाउँदै आइएको थियो । पुनःमनसुन सक्रिय रहने भएपछि असोज १६ गतेदेखि रातको समयमा १२ घण्डा रोक लगाइए पनि असोज १८ र १९ गतेको बाढीपहिरोले यस राजमार्गको सडक सम्पर्कबिच्छेद पारिदिएको छ ।

दैनिक करिब तीन हजार सवारीसाधन आवतजावत गर्ने यस राजमार्गमा चाडबाडका बखत तेब्बर सवारीसाधन ओहोरदोहोर गर्छन् । यस राजमार्ग हाल इन्टरमिडियट लेनको छ भने अब दुई लेनको निर्माण हुने भएको हो । सरकारले क्षतिग्रस्त बिपी राजमार्गको स्थायी निर्माण र मर्मतका लागि सडक डिभिजन भक्तपुरलाई रु सात अर्ब ५० करोड र सिन्धुलीको खुर्कोट सडकखण्डलाई रु एक अर्ब उपलब्ध गराएको थियो । त्यसो त जाइकाको प्राविधिक अध्ययनले बिपी राजमार्गमा १६ टनभन्दा माथिको सवारीसाधन सञ्चालन गर्न रोक लगाएको छ । तर व्यापारीले प्रशासनलाई प्रभावमा पारेर २५ टनसम्मका सवारीसाधन सञ्चालन गर्दै आइरहेका छन् । बिपी राजमार्गमा टिपरले २५ टनसम्म गिटीबालुवा लिएर निर्वाध रुपमा सञ्चालन हुने गरे पनि सम्बन्धित निकायको ध्यान पुग्न सकेको छैन ।

बिपी राजमार्गको संरचना भत्काउने मुख्य कारकका रुपमा यस सडकमा सञ्चालन हुने टिपर पनि रहेका छन् । दैनिक यस सडकमा छ सयभन्दा बढी टिपर क्षमताभन्दा बढी लोड लिएर सञ्चालन भइरहेका छन् । सङ्गठित रुपमा टिपर सञ्चालक र क्रसर व्यवसायीले स्थानीय प्रशासनलाई प्रभाव पार्दै बिपी राजमार्गको संरचनालाई जोखिममा पार्दै आए छन् । जिल्ला ट्राफिक प्रहरी कार्यालय काभ्रेपलाञ्चोकका अनुसार हाल बिपी राजमार्गमा साना ठूला गरी दैनिक तीन हजार बढी सवारीसाधन आवतजावत गर्ने गरेका छन् । मुग्लिन-नारायणगढ सडकखण्ड अवरुद्ध हुँदा पूर्वबाट आउने अधिकांश साना सवारीसाधन बिपी राजमार्ग हुँदै सञ्चालन हुने गरेका छन् । यस सडकमा टिपर, मिनीबस, टाटासुमो र माइक्रोबस बढी सञ्चालन हुने गरेका छन् ।

# जेन-जी आन्दोलनपछिको निजी क्षेत्र

**हरि गौतम**

आधुनिक नेपालको सुरुवातदेखि नै मुलुकमा सधैँ राजनीतिक पक्ष हावी भयो । राज्यसत्ता सञ्चालनमा आर्थिक पक्ष कहिल्यै पनि प्राथमिकतामा परेन । चाहे २००७ सालको क्रान्तिदेखि २०१६ सालसम्मको राजनीतिक अस्थिरताको अवस्थामा होस् अथवा २०१७ सालदेखि २०४६ सालसम्मको पञ्चायती शासनमा होस्, आर्थिक कुराले प्राथमिकता पाएन ।

२०४६ को आन्दोलनपछि नेपाली कांग्रेसले बहुमत प्राप्त गरी गठन गरेको सरकारले आर्थिक सुधारको थालनी त गर्‍यो, त्यो सरकारको नेतृत्वको अदूरदर्शिताका कारण साढे तीन वर्षमै संसद् भङ्ग भयो । मध्यावधि चुनावपछि कुनै पनि राजनीतिक दलले बहुमत प्राप्त गर्न नसकेकाले पुनः नयाँ चरणमा मुलुक अस्थिरताको दलदलमा फस्यो । यसैबिच २०५२ फागुन १ गतेदेखि माओवादीले सुरु सशस्त्र विद्रोह गर्‍यो, जसकारण देशको अर्थतन्त्र थप अस्थिरता र अराजकतातर्फ गयो । त्यतिबेला सैनिक तथा प्रहरीको संख्या बढाउन र सशस्त्र प्रहरीको गठन आदिमा खर्च गर्ने प्रवृत्ति बढ्यो, जहाँ बिचौलियाको प्रभाव र राजनीतिक नेतृत्वको स्वार्थ पनि त्यसैबाट पूरा हुन्थ्यो । अर्थात् माओवादी सशस्त्र द्वन्द्वको ११ वर्ष पनि मुलुक चरम राजनीतिक तथा आर्थिक अस्थिरताबाट गुज्रियो ।

२०६३/६४ को दोस्रो जनआन्दोलनले पुनः एकपटक राजनीतिक परिवर्तन ल्यायो । मुलुक गणतन्त्रात्मक शासन व्यवस्थामा रूपान्तरण भयो तर संविधान बनाउन लागेको करिब ९ वर्ष लामो संक्रमणकाल र त्यसमा लागेको अर्बौं खर्च, बढ्दो आर्थिक अराजकता, भ्रष्टाचार, आर्थिक अवस्था निराशाजनक नै रह्यो ।

२०७२ सालमा नेपालको संविधान जारी भई २०७४ भएको आमनिर्वाचनपछि मुलुकमा राजनीतिक स्थायित्वका साथै आर्थिक स्थिरता हुने, सुशासन कायम हुने, भ्रष्टाचारको न्यूनीकरण हुने र शासनमा पारदर्शिता कायम हुने आशा नेपाली जनताले लिएका थिए तर त्यस्तो भएन । झन्डै दुईतिहाइ बहुमत प्राप्त गरेको नेपाल कम्युनिस्ट पार्टीको सरकार आपसी शक्ति संघर्षमा फस्यो । सुशासनको कहीँकतै प्रत्याभूति दिन सकेन । कानुन बनाएर गर्ने नीतिगत तथा संस्थागत भ्रष्टाचार, सिन्डिकेट बनाएर गरिने भ्रष्टाचार र बिचौलियाको बिगबिगी ज्यादै बढ्यो । राजनीतिक नेतृत्वलाई मुलुकको आर्थिक अवस्था सुधारभन्दा पनि पैसा भएपछि जे पनि गर्न सकिन्छ; चुनाव जित्न र राजनीतिक दलमा पकड बनाउन पनि पैसा चाहिन्छ भन्ने भ्रम नेतृत्वमा सिर्जना हुन थाल्यो । फलतः सरकारमा बसेर कमाउन पाउने र नपाउने नेतृत्वबिच बढेको अन्तरद्वन्द्वले सरकार नै ढल्न पुग्यो । जनताले आस गरेको राजनीतिक स्थिरता र त्यसका माध्यमबाट द्रुततर आर्थिक विकासको एजेन्डा ओझेलमा पर्‍यो । २०७९ सालको आमनिर्वाचनमा कुनै राजनीतिक दलले बहुमत प्राप्त गर्न सकेन तर पनि संसदमा फराकिलो अन्तरसहित तेस्रो स्थानमा रहेको माओवादीले सरकार बनाउन सफल भयो, त्यो सरकार पनि अस्थिर नै रह्यो र विनाकुनै कारण नेपाली कांग्रेससँगको गठबन्धन तोडी नेकपा एमालेसँग गठबन्धन गर्न पुग्यो । पुनः यो सरकार पनि स्थिर रहन सकेन र केपी शर्मा ओलीको नेतृत्वमा गठबन्धन (कांग्रेस-एमाले) सरकार गठन भयो ।

यस गठबन्धन सरकार बनेसँगै मुलुकमा अर्थतन्त्र सुध्रिने, बढ्दो चालु खर्च घट्ने, पुँजीगत खर्च बढ्ने, सुशासन कायम हुने, भ्रष्टाचारको न्यूनीकरण हुने आशा आमजनताले लिएका थिए । देशको बिग्रँदो अर्थतन्त्रका कारण वैदेशिक रोजगारीमा जाने युवाको संख्या बढ्दै थियो, तर मौजुदा शासकीय सुधार, संविधान संशोधन, सुशासन, भ्रष्टाचारको न्यूनीकरण, दीर्घकालीन आर्थिक नीतिका माध्यमबाट अर्थतन्त्रमा सुधार गर्नुको सट्टा सरकार बिचौलिया, दलाल, भ्रष्ट कर्मचारी, सिन्डिकेटधारी भ्रष्टहरूको सेवामै तल्लीन रह्यो । मन्त्रीहरूले भ्रष्टाचार गर्ने तर कुनै कारबाही नहुने, कानुन सबैलाई समान रूपमा लागु नहुने र यस्ता विषयमा प्रधानमन्त्री बिल्कुल गम्भीर नहुनेजस्ता थुप्रै समस्या देखिए ।

यसै बेला जेन-जी युवाले सुशासन, भ्रष्टाचारको अन्त्य, शासनमा पारदर्शिता, शासनमा पुस्तान्तरण आदि माग गरी आन्दोलन गरे । सामाजिक सञ्जालमा अभियान नै चलाए । उनीहरूको मुख्य माग संविधान संशोधन वा व्यवस्था परिवर्तन थिएन, केवल शासनमा व्यापक सुधार गर्नु थियो । यस्तै अवस्थामा सरकारले युवा आक्रोशमा घिउ थप्ने काम गरी मुलुकमा सञ्चालित २६ वटा सामाजिक सञ्जाल बन्द गरी जेन-जी युवालाई सडकमा आउने वातावरण बनायो । युवाले आफूले गर्ने भनेको आन्दोलन शान्तिपूर्ण हुने भनेका थिए, तर सरकारको असहिष्णुताले गर्दा आन्दोलन शान्तिपूर्ण हुन सकेन । जेन-जीको ब्यानरमा सुरु भएको आन्दोलनलाई केही स्वार्थ समूहले हिंसक बनाए । आन्दोलनलाई हिंसक बनाउन कुन कुन तत्व थिए र उनीहरूको उद्देश्य के थियो भन्नेतर्फ अहिले नजाऔँ, त्यो छुट्टै अध्ययनको विषय हो, तर भदौ २४ गतेको आन्दोलनबाट मुलुकको अपूरणीय क्षति भयो । आन्दोलन हिंसक बनाउन लागिपरेका अवाञ्छित तत्वलाई कानुनी कारबाही नगर्ने हो भने भविष्यमा समेत दण्डहीनताले प्रश्रय पाई राज्यशक्ति थप कमजोर हुनेछ । जेन-जी भाइबहिनीले पनि आन्दोलनको शान्तिपूर्ण पक्षसम्मलाई मात्र जिम्मा लिनुपर्छ र हिंसात्मक पक्षमाथि कानुनी कारबाही गर्न सरकारलाई सहयोग गर्नुपर्छ ।

जेन-जी आन्दोलनले नेपालको निजी क्षेत्रमा कस्तो प्रभाव पार्‍यो र मुलुकको समग्र अर्थतन्त्र भविष्यमा कसरी अघि बढ्नेछ भन्ने अहं प्रश्न उद्योगी-व्यवसायीमा उब्जिएको छ । यो आन्दोलनले ठूला औद्योगिक प्रतिष्ठान, व्यापारिक प्रतिष्ठानमाथि अनाहकमा टार्गेट गरी तोडफोड, आगजनी गरेको छ । भविष्यमा एक उद्योगपतिले आफू र आफ्नो उद्योग सुरक्षित हुँदैन भने किन उद्योग लगाउने भन्ने अहं प्रश्न खडा गरेको छ । आन्दोलनका दौरान निजी क्षेत्र ठूलो मानसिक तनावमा हुनु त स्वाभाविकै थियो, भौतिक रूपमा पनि एक खर्बभन्दा बढीको नोक्सान भएको छ । यसले मुलुकमा थप गरिबी बढाएको छ, रोजगारी घटाएको छ, देशलाई परनिर्भरतातर्फ धकेलेको छ । मुलुकमा वैध कारोबार गरेर राष्ट्रिय पुँजीपति बनी सरकारलाई बढीभन्दा बढी कर तिर्ने र आफ्नो कारोबार पनि विस्तार गर्ने भन्ने मान्यतालाई कुण्ठित तुल्याएको छ । वैदेशिक लगानी आउने बाटो बन्द गरेको छ ।

उद्योग-व्यवसायका लागि पहिलो सर्त भनेको आफ्नो लगानीको सुरक्षा र शान्तिपूर्वक काम गर्न पाउने वातावरण सिर्जना गर्नु हो । त्यस्तो वातावरणलाई यस आन्दोलनले खलबल्याएको छ । यस्ता घटना पुनः नदोहोरिने कुरामा विश्वास गर्ने ठाउँ छैन । यसै त उद्योगी-व्यवसायी वर्षौंदेखिको यस क्षेत्रमा सरकारको न्यून प्राथमिकता, सुशासनको कमी, बढ्दो भ्रष्टाचार, ढिलासुस्ती, भ्रष्ट नोकरशाही प्रवृत्तिले हैरान थिए; वैदेशिक लगानी खास गरी उत्पादनमूलक क्षेत्रमा ज्यादै न्यून थियो; करको दर अत्यधिक थियो; श्रम समस्या, महँगो बिमा प्रिमियम, राज्यका हरेक निकायमा सिन्डिकेट खडा गरी गरिने शोषणबाट उनीहरु पीडामै थिए । यस आन्दोलनले उनीहरूलाई थप असुरक्षित बनायो ।

अब के गर्ने त ? अहिले जे हुनु भइगयो । जेन-जीको आन्दोलन शान्तिपूर्ण रहेको भए उद्योगी-व्यवसायी र उनीहरूका माग समान थिए । मुलुकमा सुशासन होस्, भ्रष्टाचार न्यून होस्, पारदर्शी शासन होस्, उद्योग-व्यवसायको विकास गरी थप रोजगारी सिर्जना गरियोस्, सबै काम पेपरलेस र व्यक्तिको अनुहार नहेरी आधुनिक प्रविधिकै माध्यमबाट सम्पन्न गरियोस् भन्ने कसले चाहँदैन ? यी माग पूरा गर्ने नाममा जुन हिंसात्मक गतिविधि भए, निर्दोष उद्योगपतिको सम्पत्ति जलाइयो, त्यस्ता हिंसक कार्य गर्नेलाई कानुनी कारवाही गर्न जेन-जी युवाले सरकारसँग तत्काल माग गर्नुपर्छ । सरकारले पनि भविष्यमा शान्ति-सुरक्षा दिलाउने प्रतिबद्धतासहित २० वर्षे दीर्घकालीन उदार आर्थिक नीति ल्याई तदनुरूप कार्य गर्ने हो भने अहिलेको आलो घाउ क्रमशः बिसँदै उद्योगीहरू पुनः उद्योग सञ्चालन प्रवर्धनमा आउनेछन् । अबको बल जेन-जी र सरकारको कोर्टमा छ ।

(लेखक वीरगन्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष हुन् ।)
रातोपाटीबाट

### *ब्रह्माकुमारी राजयोग ...*

शिविर संचालन हुने जानकारी दिईन ।

यस्तै असोज २५ गते र्‍याली एवं नवनिर्मित कार्यालय भवनको उद्घाटन कार्यक्रम तय गरिएको उनले जानकारी दिए ।

शिविर र कार्यालय भवन उद्घाटन समारोहमा नेपालका साथै छिमेकी मुलुक भारतबाट समेत गरी ८ हजार देखी १० हजार सम्मको अतिथिहरु सहभागि हुने अनुमान गरिएको छ । शिविरमा सहभागी हुनेहरुलाई नेपालका राजु घले तथा भारतका प्रशिक्षकहरुबाट योग, तनाव व्यवस्थापन र प्राकृतिक चिकित्सा सम्बन्धी प्रशिक्षण प्रदान गरिने कार्यक्रम तय भएको उनले जानकारी दिए ।

असोज २५ गते शनिवार हुने केन्द्रको नवनिर्मित कार्यालय भवन (वरदानी भवन) को मुख्य अतिथी ब्रह्माकुमारी राजयोग सेवा केन्द्र नेपालकी निर्देशक राजयोगिनी डा. राजदादी आमा र सिमाञ्चल सवजोनका प्रभारी राजयोगिनी किरण दिदीले संयुक्त रुपमा उद्घाटन गर्ने कार्यक्रम रहेको केन्द्रका मिडिया प्रभारी दिनानाथ यादवले जानकारी दिए ।

उनले सोही दिन नगर क्षेत्रमा बृहत र्‍यालीको आयोजना गरिने जानकारी समेत दिए । पत्रकार सम्मेलनमा ब्रह्माकुमारी रञ्जु दिदी, भारत माउन्टआबुका सदानन्द भाइजी लगायतले पनि कार्यक्रमबारे जानकारी गराएका थिए ।

### *सप्तरी महोत्सव ...*

आयोजनामा मिति २०८२ असोज २२ गते देखि कार्तिक ६ गते सम्म हुने भनिएको सप्तरी महोत्सव २०८२ हालको परिस्थिति र सुरक्षाका दृष्टिकोणले अर्को निर्णय नहुनजेल सम्मको लागि स्थगित गरिएको छ' उल्लेख छ ।

### *सहिद परिवारका ...*

जना घाइते वा अङ्गभङ्ग भएका सबैको बिमा गर्ने प्रतिष्ठानको लक्ष्य छ ।

सहिद परिवारका पाँच जनालाई भने प्रदेश सरकारले प्रतिष्ठानमार्फत रु तीन हजार ५०० बिमा शुल्क प्रदान गर्दै आएको छ ।

## विश्व समाचार

### इजरायलमा अक्टोबर ७ स्मरण : गाजा युद्ध अन्त्यका लागि वार्ता जारी

जेरुसेलम, २१ असोज (रासस/एएफपी) ।

इजरायलले मङ्गलबार सन् २०२३ अक्टोबर ७ को भीषण हमास आक्रमणको दोस्रो वार्षिकी आयोजना गर्दैछ । यसैबीच, अमेरिकाको प्रस्तावित शान्ति योजनाअन्तर्गत इजरायल र हमासका प्रतिनिधिहरू गाजा युद्ध अन्त्यका लागि इजिप्टमा अप्रत्यक्ष वार्तामा संलग्न भएका छन् । दुई वर्षअघि यहूदी पर्व सुक्कोटको अन्त्यमा हमासका लडाकूहरूले इजरायलमाथि आकस्मिक आक्रमण गरेका थिए । उक्त आक्रमणले इजरायलको इतिहासमै सबैभन्दा घातक दिन बनायो । लडाकूहरूले गाजा-इजरायल सीमा पार गरी दक्षिणी इजरायलका बस्तीहरू र मरुभूमि सङ्गीत महोत्सवमा बन्दुक, रकेट र ग्रेनेडले आक्रमण गरेका थिए ।

आधिकारिक तथ्याङ्कअनुसार उक्त आक्रमणमा एक हजार २१९ जना इजरायलीको मृत्यु भयो, जसमा अधिकांश नागरिक थिए । साथै, २५१ जना बन्धकलाई गाजामा लगिएको थियो, जसमा अझै ४७ जना कैदी छन् । तीमध्ये २५ जनाको मृत्यु भएको इजरायली सेनाले जनाएको छ । मङ्गलबार इजरायलभर स्मरण समारोहहरू आयोजना भएका छन् । नोभा सङ्गीत महोत्सवको स्थलमा मारिएका व्यक्तिहरूका आफन्त र मित्रहरूले मैनबत्ती बालेर श्रद्धाञ्जलि अर्पण गरे र मौन धारण गरे । त्यहाँ ३७० भन्दा बढी मानिस मारिएका थिए ।

शिक्षक एलाड गान्जले एएफपीसँग भावुक हुँदै भन्नुभयो, "यो अत्यन्त पीडादायी घटना हो, तर हामी जीवन अगाडि बढाउन चाहन्छौँ । जो यहाँ थिए र अब छैनन्, तिनीहरूको सम्झनासँगै बाँच्ने प्रयास गरिरहेका छौँ ।" तेल अभिवको 'होस्टेज स्क्वायर' मा पनि कार्यक्रम आयोजना हुँदैछ । त्यहाँ साप्ताहिक रूपमा बन्धकहरूको रिहाइको माग भइरहन्छ । यस्तै, राज्यद्वारा आयोजित मुख्य स्मरणोत्सव अक्टोबर १६ मा तय गरिएको छ । युद्ध जारी रहँदा गाजामा इजरायली हवाई, स्थल र समुद्री आक्रमणले ठूलो विनाश मच्चाएको छ । हमासद्वारा सञ्चालित स्वास्थ्य मन्त्रालयले कम्तीमा ६७ हजार १६० जनाको मृत्यु भएको दाबी गरेको छ । यो आँकडालाई संयुक्त राष्ट्रसङ्घले पनि विश्वसनीय मानेको छ । मृतकमध्ये आधाभन्दा बढी महिला र बालबालिका रहेको बताइएको छ ।

घर, अस्पताल र विद्यालय ध्वस्त भएका छन् । लाखौं गाजाबासी भीडभाडयुक्त शिविर र खुला स्थानमा अत्यन्त कम खाना, पानी र सरसफाइका बीच बाँच्न विवश छन् । जबालियाकी विस्थापित हनान मोहम्मद (३६) ले भन्नुभयो, "हामीले यो युद्धमा सबै गुमायौँ-घर, परिवार र भविष्य । अब शान्ति र युद्धविरामबाहेक अरू केही चाहिँदैन ।" इजरायलको राष्ट्रिय सुरक्षा अध्ययन संस्थानको सर्वेक्षणअनुसार ७२ प्रतिशत इजरायली नागरिक युद्ध व्यवस्थापनप्रति असन्तुष्ट छन् ।

### गाजामा बालबालिकाका लागि कुनै ठाउँ सुरक्षित छैन : युएनआरडब्लुए

गाजा, २१ असोज (रासस/क्युएनए) ।

प्यालेस्टाइन शरणार्थीहरूका लागि संयुक्त राष्ट्रसङ्घीय राहत र कार्य एजेन्सी (युएनआरडब्लुए) ले गाजामा १० लाख बालबालिका रहेको पुष्टि गर्दै गाजाको कुनै पनि ठाँउ उनीहरुका लागि सुरक्षित नभएको जनाएको छ । इजरायली सेनाले अन्तराष्ट्रिय कानुन र बालअधिकारको प्रवाह नगरी गाजामा सुतिरहेको समयमा बालबालिकाहरूलाई अन्याय पुर्वक हत्या गरेको युएनआरडब्लुएले उल्लेख गरेको छ । युएनआरडब्लुएले सामाजिक सञ्जाल एक्समा गाजामा मनोवैज्ञानिक आघात भोगिरहेका पाँच लाख भन्दा बढी बच्चाहरूलाई मनोवैज्ञानिक सहजिकरण गरेको जनाउदै गाजाका बच्चाहरुले कुनै पनि बच्चाहरुले अनुभव गर्न नसक्ने समस्याको सामना गर्न बाध्य भएको जनाएको छ ।

इजरायली सेनाले गाजामा बच्चाहरू सुतिरहेको, स्कूलमा आश्रय लिइरहेको, पानीको लागि लाइनमा उभिएको वा चिकित्सा सहायता खोजिरहेको समयमा उनीहरुलाई मारिएकोमा दुखः व्यक्त गरेको छ । यसअघि, युनिसेफका प्रवक्ता जेम्स एल्डरले गाजामा अझै पनि दशौं हजार बालबालिका रहेको पुष्टि गर्दै बम विष्फोटका कारण अङ्ग भङ्ग हुनेहरुमा पनि कयौं बालबालिका रहेको बताउनु भएको छ । निरन्तरको आक्रमणले बालबालिकाहरू थरथर काँपिरहेका उल्लेख गर्दै उहाँले "बालबालिकामाथि गरिएको क्रूरता गैर मानविय भएको बताउनु भएको छ । गाजाको अल-मवासी क्षेत्र विश्वको सबै भन्दा घना जनसङ्ख्या भएको क्षेत्र हो यद्दपी यो क्षेत्रका मानिसहरु जीवनका आधारभूत आवश्यकताहरुबाट वञ्चित छन् जसले बालबालिकालगायत परिवारहरूको पीडा बढाउँछ ।

### हुथीहरूद्वारा संयुक्त राष्ट्रसंघका नौ कर्मचारी पक्राउको कडा निन्दा

वासिङटन, २१ असोज (रासस/एएफपी) ।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले यमनमा हुथी विद्रोहीहरूले थप नौ जना संयुक्त राष्ट्रका कर्मचारीहरूलाई मनमानी रूपमा पक्राउ गरेको घटनाको कडा निन्दा गर्नुभएको छ । उहाँले हुथी नियन्त्रणमा रहेका क्षेत्रहरूमा संयुक्त राष्ट्रसङ्घका सम्पत्ति र सुविधाहरू कब्जा गरिएको घटनाप्रति पनि गम्भीर चिन्ता व्यक्त गर्नुभयो । राष्ट्रसङ्घका प्रवक्ता स्टेफन डुजारिकले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "हालै हुथी डि-फ्याक्टो अधिकारीहरूले संयुक्त राष्ट्रसङ्घका नौ जना थप कर्मचारीलाई हिरासतमा लिएका छन्, जसका कारण सन् २०२१ देखि मनमानी रूपमा पक्राउ परेका संयुक्त राष्ट्रसङ्घका कर्मचारीहरूको कुल सङ्ख्या ५३ पुगेको छ ।"

विज्ञप्तिमा भनिएको छ, "यी कार्यहरूले यमनमा संयुक्त राष्ट्रसङ्घको मानवीय तथा विकास सहयोगका कार्यक्रम सञ्चालन गर्ने क्षमतामा गम्भीर असर पारिरहेका छन् ।" गत महिना राष्ट्रसङ्घले हुथीहरूको नियन्त्रणमा रहेको राजधानी सानाबाट आफ्नो शीर्ष मानवीय संयोजकलाई सरकारको नियन्त्रणमा रहेको दक्षिणी सहर एडनमा स्थानान्तरण गरेको थियो । स्मरणीय छ, सन् २०१४ मा हुथी विद्रोहीहरूले सानाबाट अन्तर्राष्ट्रिय मान्यता प्राप्त सरकारलाई निष्कासन गरेपछि उक्त सरकारले एडन सहरलाई आफ्नो अस्थायी राजधानी बनाएको छ ।

# अदालतको काम कारबाही अविलम्ब सञ्चालन गर्न नेपाल बार एशोसिएसनको माग

काठमाडौँ, २१ असोज (रासस) ।

नेपाल बार एशोसिएसनले सर्वोच्च अदालतलगायतका सम्पूर्ण अदालतका काम, कारबाही अविलम्ब नियमित रुपमा सञ्चालन गर्न माग गरेको छ ।

बारका महासचिव केदारप्रसाद कोइरालाले मंगलबार प्रेस विज्ञप्ति जारी गर्दै सर्वोच्च अदालतलगायतका सम्पूर्ण अदालतको काम कारबाही सञ्चालन गर्न माग गरेको हो ।

“जनताको न्यायसम्बन्धी हकको प्रचलन कुनै पनि क्षण अवरुद्ध गर्न हुँदैन भन्ने हाम्रो स्पष्ट मान्यता छ”, विज्ञप्तिमा भनिएको छ, “न्यायपालिकाको सुधार न्यायपालिकाकै प्रतिवेदनले देखाएको छ, न्यायपालिकाको सुधार वैधानिक संयन्त्रमार्फत व्यापक परामर्शमा भएर हुनुपर्ने जनाएको छ ।”

बारको १६औं अखिल नेपाल कानुन व्यवसायी राष्ट्रिय सम्मेलनले न्यायपालिकाको पुनःसंरचनाको विषयमा आफ्नो धारणा स्पष्ट राखेको र वैधानिक संयन्त्रमार्फत व्यापक परामर्शमा हुनुपर्ने विज्ञप्तिमा उल्लेख छ ।

बारले स्वतन्त्र न्यायपालिकालाई भय र त्रासमा राखी निर्देशित न्यायलय सञ्चालन गर्ने कुचेष्टाप्रति भर्त्सना गर्दै स्वतन्त्र, सक्षम र उत्तरदायी न्यायपालिकाको मान्यता राख्ने यस उपर हुने कुनै पनि जोर जुलुम, जबर्जस्ती, हमला एवं अवैधानिक गतिविधिको विरोध गर्ने जनाएको छ ।

“देश जतिसुकै कठिन मोडमा रहँदासमेत कानुनको शासनको आधारभूत मानकलाई बेवास्ता गर्न मिल्दैन”, विज्ञप्तिमा भनिएको छ, “स्वच्छ सुनुवाइसहितको मानव अधिकारको आधारभूत मापदण्डलाई पालना गर्नु राज्यको प्रथम दायित्व हो भन्ने स्मरण गराउन चाहन्छौं ।”

बारले नेपाल प्रहरीको मनोबल खस्कने गरी भएका हर्कतप्रति सरकार गम्भीर हुनुपर्ने उल्लेख गरेको छ । विज्ञप्तिमा भनिएको छ, “दिगो शान्ति संवाद र सहकार्यबाट मात्र सम्भव छ, तसर्थ व्यापक संवाद गर्न नेपाल सरकारसमक्ष हामी अनुरोध गर्दछौं ।”

बारको भवन निर्माण गर्न सर्वोच्च अदालत परिसरभित्रै जग्गा उपलब्ध गराउन अनुरोध गर्दै यो विषयलाई उच्च प्राथमिकतामा राख्नुपर्ने माग गरेको छ ।

# प्रदर्शनका क्रममा भागेका ५७ सय कैदीबन्दी अझै फरार

काठमाडौँ, २१ असोज (रासस) ।

जेनजी प्रदर्शनका क्रममा देशका विभिन्न कारागार र सुधारगृहबाट भागेकामध्ये झण्डै पाँच हजार ७०० कैदी अझै फरार छन् । मुलुकभर जेनजी प्रदर्शन चर्केपछि विभिन्न २८ वटा कारागारबाट १३ हजार ५८९ कैदी र नौ वटा बालसुधारगृहबाट ९६४ बालबन्दी गरी १४ हजार ५५३ बन्दी भागेका थिए ।

त्यसमध्ये मंगलबार अपराह्नसम्म आठ हजार ५१० कैदी र ३४१ बालबन्दी गरी कूल आठ हजार ८५१ बन्दी कारागार फर्केका छन् । कारागार व्यवस्थापन विभागका निर्देशक चोमेन्द्र न्यौपानेका अनुसार पाँच हजार ७९ कैदी र ६१८ बालबन्दी गरी कूल पाँच हजार ६९७ बन्दी अझै फरार छन् ।

गृह मन्त्रालयले यही असोज १० गते फरार कैदीबन्दीलाई आइतबारसम्म कारागार फर्कन ‘अल्टिमेटम’ दिएको थियो । ठूलो सङ्ख्यामा विभिन्न कसुरमा कैद सजाय भुक्तान गरिरहेका कैदी फरार हुँदा समाजमा सुरक्षा चुनौती थपिएपछि सरकारले फरार कैदीबन्दीलाई कारागारमा फर्काउन विशेष अभियान सञ्चालन गरिरहेको छ । अभियानअन्तर्गत सुरक्षाकर्मीले फरार कैदीलाई नियन्त्रणमा लिंदै सम्बन्धित कारागारमा बुझाइरहेका छन् ।

मन्त्रालयले कारागार बाहिर रहेका कैदीबन्दीलाई खोजी, नियन्त्रण र पक्राउ गरी कारागारमा शीघ्र फिर्ता ल्याउन सम्बन्धित जिल्लाको सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा सुरक्षा तथा अन्य निकायका प्रतिनिधि सदस्य रहने गरी फरार बन्दी खोजी तथा पक्राउ कार्यदलसमेत गठन गरेको थियो ।

प्रदर्शनको मौका पारेर झुम्का, सोलुखुम्बु, सप्तरी, महोत्तरी, रौतहट, सिन्धुली, नख्खु, जगन्नाथदेवल, डिल्लीबजार, मकवानपुर, रसुवा, चितवन, तनहुँ, कास्की, पर्वत, म्याग्दी, कपिलवस्तु, तुलसीपुर, नौवस्ता, रुकुम पश्चिम, नवलपरासी, जुम्ला, बझाङ, कैलाली, दार्चुला, बैतडी, डडेल्धुरा र कञ्चनपुर कारागारबाट कैदीबन्दी भागेका थिए । यस्तै मोरङ, पर्सा, भक्तपुर, मकवानपुर, कास्की, रुपन्देही, जयण्ड, नौवस्ता र डोटी बालसुधार गृहबाट नौ सय ६३ बालबन्दी भागेका थिए ।

सुरक्षा घेरा तोडेर भाग्ने क्रममा रामेछापमा तीन र धादिङमा दुई कैदीको गोली लागेर मृत्यु भएको थियो । यस्तै नौवस्ता बालसुधार गृहमा झडप हुँदा पाँच बालबन्दीको मृत्यु भएको थियो । कारागार कार्यालयहरुले फरार कैदीबन्दीलाई अविलम्ब कारागारमा फर्की आउन सूचित गराउँदै आएका छन् । सरकारको सूचनालाई बेवास्ता गरी फरार कैदीबन्दीलाई प्रचलित कानुनबमोजिमको कारवाही गरिने विभागको भनाइ छ ।

कुल ७२ जिल्लामा रहेका ७५ वटा कारागारमा विभिन्न कसुरमा सजाय भोगिरहेका ३० हजार छ सय ४६ कैदीबन्दी रहेका छन् । धनुषा, बारा, भक्तपुर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) र पूर्वी रुकुममा कारागार छैनन् ।

# हैजा र झाडापखालाबाट बच्न शुद्धीकरण गरेर पानी पिउन आग्रह

काठमाडौँ, २१ असोज (रासस) ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले प्राकृतिक विपद्मा झाडापखाला र हैजा फैलिन सक्ने भन्दै सतर्कता अपनाउन आग्रह गरेको छ ।

मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले बाढीपहिरो तथा डुबानका कारण हैजा र झाडापखालालगायत पानीजन्य रोग लाग्न सक्ने भन्दै त्यसबाट बच्नका लागि सतर्कता अपनाउन आग्रह गर्नुभएको छ । उमालेर वा ‘क्लोरिन’ झोल हालेर शुद्धीकरण गरिएको पानी मात्र पिउन उहाँले आग्रह गर्नुभएको हो ।

प्रवक्ता बुढाथोकीद्वारा जारी सन्देशमा भनिएको छ,“खानेपानीलाई सधैँ सफा भाडामा ढाकेर राख्न र सफा भाडाले मात्र खानेपानी निकाल्नु होला । खानेकुरालाई राम्ररी पकाएर मात्र खान र सडेगलेको, बासी र झिङ्गा भन्केको खानेकुरा नखान र खानेकुरा सफा भाडाले ढाकेर मात्र खान आग्रह छ ।”

यसैगरी खाना बनाउनुअघि, खाना खानु वा खुवाउन अघि, दिसापिसाब गरेपछि वा बालबालिकाको दिसा धोएपछि, फोहर चलाएपछि घर वा कार्यालय छिर्नुअघि, बाहिरी सामान छोएपछि साबुनपानीले कम्तीमा २० सेकेण्डसम्म मिचिमिची हात धुन मन्त्रालयले आग्रह गरेको छ ।

साबुनपानी उपलब्ध नभएमा ‘स्यानिटाइजर’ प्रयोग गर्न सबैलाई अनुरोध गरिएको छ । मन्त्रालयले प्राकृतिक विपद्मा चर्पीमा मात्र दिसापिसाब गर्न र बालबालिकाको दिसापिसाबलाई चर्पीमा नै फाल्न आग्रह गरेको छ ।

यस्तै, झाडापखाला भई हालेमा तुरुन्तै पुर्नजलीय झोलसँगै प्रसस्त मात्रामा पोषिलो झोलिलो खानेकुरा खानसमेत आग्रह गरिएको छ ।

# मनसुनजन्य विपद्बाट ज्यान गुमाउनेको संख्या ६० पुग्यो

काठमाडौँ, २१ असोज (रासस) ।

असोज १७ गते शुक्रबार रातिदेखिको वर्षाले देशभर ६० जनाको निधन भएको सशस्त्र प्रहरी बलले जनाएको छ ।

निधन हुनेमा पुरुष १९, महिला २६ र नाबालक १५ रहेको सशस्त्र प्रहरी बलका सहप्रवक्ता प्रहरी नायब उपरीक्षक शैलेन्द्र थापाले जानकारी दिनुभयो । इलाममा मात्र पुरुष १३, महिला १४ र नाबालक १० गरी ३७ जनाको निधन भएको उहाँले बताउनुभयो ।

यसैगरी पाँचथरमा पुरुष तीन, महिला चार र नाबालक एक गरी आठ जनाको निधन भएको छ । उदयपुरमा महिला दुई र नाबालक एक गरी तीन, खोटाङमा पुरुष दुई र सुनसरीमा एक जना पुरुषको निधन भएको छ ।

रौतहटमा एक महिला र दुई नाबालक गरी तीन जना, मोरङ, सिन्धुली र महोत्तरीमा एक/एक जना महिलाको निधन भएको छ । यस्तै, सिन्धुपाल्चोकमा एक नाबालकको ज्यान गएको छ भने काभ्रेपाञ्चोकमा दुई महिलाको शव भेटिएको सशस्त्र प्रहरी बलले जनाएको छ ।

# कात्तिक २० र २१ गते भिटामिन ‘ए’ तथा जुकाको औषधि खुवाइँदै

काठमाडौँ, २१ असोज (रासस) ।

यही कात्तिक २० र २१ गते राष्ट्रिय भिटामिन ‘ए’ तथा जुकाको औषधि खुवाइने भएको छ ।

सरकारले प्रत्येक वर्ष दुई चरणमा यो कार्यक्रम सञ्चालन गर्दै आएको छ । पहिलो चरणमा कात्तिक २ र ३ र वैशाख ६ र ७ गते यो कार्यक्रम सञ्चालन हुँदै आएको छ । यस वर्ष सोही मितिमा दिपावलीको लक्ष्मी पूजा पर्न गएकाले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको सचिवस्तरीय निर्णयअनुसार कार्यक्रम सारिएको स्वास्थ्य सेवा विभागअन्तर्गत परिवार कल्याण महाशाखाले जनाएको छ ।

महाशाखाका निर्देशक डा विवेककुमार लालले ७५३ स्थानीय तहमा दुईदिने अभियानमा पाँच वर्षमुनिका करिब २८ लाख बालबालिकालाई भिटामिन ‘ए’ र करिब ३० लाख बालबालिकालाई जुकाको औषधि खुवाइने लक्ष्य राखिएको जानकारी गराउनुभयो । यस अभियानका लागि ५२ हजार स्वास्थ्य स्वयंसेविका र १५ हजार जना स्वास्थ्यकर्मी परिचालन गरिने उहाँले बताउनुभयो ।

निर्देशक डा लालले भन्नुभयो, “छ महिनादेखि ११ महिनाका बालबालिकालाई भिटामिन ‘ए’ क्यापसुल मात्र र १२ देखि ५९ महिनासम्मका बालबालिकालाई भिटामिन ‘ए’ क्यापसुलका साथै जुकाको औषधि खुवाइने छ ।”

महाशाखाकाअनुसार अघिल्लो चरणमा भिटामिन ‘ए’ क्यापसुल खाने करिब ९० प्रतिशत र जुकाको औषधि खाने करिब ८७ प्रतिशत रहेका छन् ।

## *धार्मिक कार्यक्रमको ...*

आएकोले अर्कै ठाउँमा लक्ष्मी पूजा गर्नुपर्ने अडान लिएपछि विवाद सुरु भएको थियो ।

यसरी दुई समुदायले आ-आफ्नो अडान कायम राख्दा झडप हुने स्थिती देखिएपछि ठुलो संख्यामा नेपाल र सशस्त्र प्रहरी परिचालन गरिएको थियो । स्थिती नियन्त्रणमा लिन प्रहरीले समान्य बलको प्रयोग समेत गरेको थियो ।

तीन महिना अघि पनि उक्त जग्गामा धार्मिक कार्यक्रम र संरचना निर्माणको विषयलाई लिएर दुई समुदाय बीच तनाव उत्पन्न भएको थियो । त्यति बेला सर्वदलिय बैठकबाट गरिएको निर्णयको पालना नहुदाँ अहिले आएर पुनः विवाद चर्किएको हो ।






**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शंखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*